# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

**खण्ड (९), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, बैशाख २८ गते २०८२ साल,**

**सङ्ख्या २**

## भाग-२

## सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, (प्रथम संशोधन), २०८२ (मस्यौदा)

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०१।२७

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ लाई परिमार्जन तथा संशोधन गर्दै समयानुकूल र गतिशील बनाउन वान्छनीय भएकोले सूर्योदय नगरकार्यपालिकाद्वारा यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, (प्रथम संशोधन), २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. दफा २ को उपदफा (१०), (१२) र (१३) देहायबमोजिम संशोधन गरिएको छ।**

(१०) "हेभी इक्वीपमेन्ट " भन्नाले सूर्योदय नगरपालिकाले सञ्चालनमा ल्याएको डोजर, एक्साभेटर, व्याक हो लोडर, रोलर, ट्रिपर, ट्याक्टर, सक्सन लगायतका हेभी इक्वीपमेन्ट लाई सम्झनुपर्छ।

(१२) "अपरेटर" भन्नाले डोजर, एक्साभेटर, व्याक हो लोडर, रोलर, ट्रिपर, ट्याक्टर, सक्सन लगायतका हेभी इक्वीपमेन्ट सञ्चालन गर्ने प्राविधिक कर्मचारीरलाई सम्झनुपर्छ।

(१३) "अपरेटर सहायक" भन्नाले डोजर, एक्साभेटर, व्याक हो लोडर, रोलर, ट्रिपर, ट्याक्टर, सक्सन लगायतका हेभी इक्वीपमेन्ट सञ्चालन गर्ने अपरेटरलाई सहयोग गर्ने कर्मचारीलाई सम्झनुपर्छ।

**३. दफा ८ मा उपदफा (४) थप गरिएको छ।**

(४) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि सक्सन मेसिन सञ्चालनका लागि आवश्यक पर्न इन्धन खर्च र सेवा सुविधा मर्मत

सम्भार कोषबाहेकको अन्य कार्यालय प्रयोजनको खर्च शीर्षकबाट उपलब्ध गराइनेछ।

**४. दफा १० मा उपदफा (८) थप गरिएको छ।**

(८) सक्सन मेसिन चालक र सहायक (अधिकतम २ जना) लाई पहिलो पटक खटिँदा रु. १००० भत्ता प्रदान गरिनेछ। यदि एकै दिनमा दोस्रो वा त्यसपछिका पटक खटिनुपरेमा, प्रत्येक थप पटकको लागि रु. २०० भत्ता उपलब्ध गराइनेछ।

**सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि , २०७५ (पहिलो संशोधन), २०८२**

कार्यपालिकाबाट स्वीकृत मिति:२०८२।०१।२७

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि , २०७५ मा भएका केही व्यवस्थाहरुलाई संशोधन गर्न कार्यविधिको प्रस्तावना, परिभाषा र दफा (६) मा भएको व्यवस्थाका आधारमा संशोधन गर्न बाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि (पहिलो संशोधन), २०८२

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि ,(पहिलो संशोधन), २०८२

(२) यो कार्यविधि सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. परिभाषाः (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "मूल कार्यविधि" भन्नाले सूर्योदय नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ लाई सम्झनु पर्छ।

३. मूल कार्यविधिको प्रस्तावनामा " नेपालको संविधान " पछि "संघीय सरकारले जारी गरेको" र “वाञ्छनीय भएकोले” पछि "संघीय सरकारले जारी गरेको" भन्ने वाक्यांश थप गरिएको छ।

४. मूल कार्यविधिको दफा २(च) मा "उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ भन्ने वाक्यांश थप गरिएको छ।

५. मूल कार्यविधिको परिच्छेद ३ को दफा ६ (१) को (ग) को " नगरपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्तिबाट नगर पालिकाको प्रमुखले तोकेको व्यक्ति – सदस्य “ हटाइएको, (छ) (नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तीन जना - सदस्य” , दफा ६ को (ज) “नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख –

सदस्य” र (झ) “नगरपलिकाको उप प्रमुखले तोकेको नगरपालिकाको कर्मचारी सदस्य-सचिव” भन्ने वाक्यांश हटाइएको छ।

६. मूल कार्यविधिको दफा ६ को (१,ख) मा “सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य” र दफा (६)को(१,छ)मा महिला बालबालिका तथा समाजकल्याण शाखा सदस्य - सचिव भन्ने वाक्यांश थप गरिएको छ।

७. मूल कार्यविधिको दफा ६ (२) मा “उक्त परिचय पत्र वितरण समितिको बैठक त्रैमासिक रुपमा बस्ने छ र संयोजकको निर्देशनमा कुनै समयमा समितिको बैठक बस्नेछ भन्ने वाक्यांश थप गरिएको छ।

८. मूल कार्यविधिको दफा ६ (३) मा “समितिका पदाधिकारीहरुले बैठक बसेका दिनको बैठक भत्ता नगरपालिकाको नियमानुसार पाउनेछ” भन्ने वाक्यांश थप गरिएको छ।

९. मूल कार्यविधिको दफा ६ (४) मा “समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ” भन्ने वाक्यांश थप गरिएको छ।

आज्ञाले

अमृत बहादुर राई

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत